# लेकवेशी नगरपालिका
## नगर कार्यपालिलकाको कार्यालय
## कल्याण,सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## न्युनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धी सूचना

*(सूचना प्रकाशित मिति २०७८।११।०६)*

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ (पहिलो संसोधन २०७७) को दफा १८ बमोजिम आगामी आर्थिक बर्ष २०७८।०७९ मा न्यूनतम आय भएका वा स्वरोजगार समेत नरहेका १८ बर्ष देखि ५९ बर्ष उमेर समूहका बेरोजगार नागरिकहरूले २०७७ फागुन १ देखि फागुन मसान्त सम्ममा आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ (दोश्रो संसोधन २०७७) को अनुसूची १ बमोजिम हुनु पर्नेछ । निवेदको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी नगरपालिकाको रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ ।

***न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड:***

- बेरोजगार नेपाली नागरिक १८ बर्ष पूरा भई ५९ बर्ष ननाघेको हुनुपर्नेछ ।
- निवेदन साथ नागरिकताको प्रतिलिपि
- बेरोजगार व्यक्ति सोही वडाको स्थायी बासिन्दा हुनुपर्नेछ तथा अन्यत्र बाट आएको भए बसाईसराई तथा विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

प्रमुख प्रशासकीय अधिकृत